# People's Power Ltd.
# पिपुल्स पावर लिमिटेड

**केन्द्रिय कार्यालयः** का.म.न.पा.-२ खुर्सानिटार काठमाडौं
**फोन नं.** ०१-४५३७५४४ **Email:** peoplespowerltd@gmail.com

## नवौं साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :२०८२/१२/०९ गते)

**आदरणी शेयरधनी महानुभावहरु,**

पिपुल्स पावर लिमिटेडको मिति २०८२/१२/०८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्ने गरी बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०८२/१२/२९ गते (तद्नुसार १२ अप्रिल, २०२६ )
स्थान : पारीजात पार्टी प्यालेस (टोखा न.पा वडा नं.८), जाल्पाचोक, काठमाडौ ।
समय : विहान ११:०० बजे

**साधारण सभामा छलफल गरिने विषयहरु (एजेण्डा) :**

**क) सामान्य प्रस्ताव :**

१) आ.व २०८१/०८२ को सञ्चालक समितिको तर्फबाट पेस हुने अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
२) लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात,नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३) चालु आ.व. २०८२/८३ लागि लेखा परिक्षकको नियूक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) कम्पनी ठाउँसारी गर्ने सम्बन्धमा ।
५) संस्थागत सुसाशन सम्बन्धी प्रतिवेदन स्विकृत गर्ने सम्बन्धमा ।
६) विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

### वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/१२/१६ सोमबार १ दिन यस कम्पनीको शेयर दर्ता पुस्तिका बन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एकसचेञ्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएको शेयरधनीले मात्र कम्पनीका वार्षिक साधारण सभामा भाग लिन सक्ने छन ।
२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले सभा कक्षमा प्रवेश गर्नको लागि अनिवार्य रुपले प्रवेशपत्र, आफ्नो परिचय खुल्ने आधिकारिक परिचयपत्र (जस्तै नागरिकता वा अन्य आधिकारिक परिचयपत्र) सहित शेयरधनी उपस्थित हुनु पर्नेछ ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावले सभा स्थलमा उपस्थित भई त्यहाँ रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । उपस्थिति पुस्तिका विहान १०:३० बजे देखि खुल्ला रहनेछ ।
४. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोसी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले प्रतिनिधि (प्रोक्सी)फारम सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालय का.म.पा-०२, खुर्सानिटार मा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।
५. प्रतिनिधि नियूक्त गरि सकेको शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत : बदर हुनेछ ।
६. साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, का.म.पा-०२, खुर्सानिटारमा सम्पर्कराख्न हुन समेत अनुरोध गरिन्छ ।